# सभामा भएका हालसम्मका संक्षिप्त गतिविधिहरू

| पाँचौ अधिवेशन | | |
|---|---|---|
| बैठक संख्या | मिति | सभामा भएको कामकारबाही |
| १ | २०७६/१०/२४ | ▪ माननीय सभामुख श्री राजबहादुर शाहीले पाँचौ अधिवेशनको पहिलो बैठक शुरू भएको प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र वाचन गरि सुनाउनु भयो ।<br>▪ माननीय श्री जीवनबहादुर शाही, माननीय श्री यामलाल कँडेल र माननीय श्री सोशिला शाहीले दलको तर्फबाट धारणा राख्नु भएको । |
| २ | २०७/११/०३ | ▪ कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले "कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६" सभा समक्ष टेबुल गर्नु भएको । |
| ३ | २०७६/११/१८ | ▪ माननीय सदस्यहरूले प्रदेश सरकार र प्रदेश सरकार मार्फत विविध विषयमा सरोकारवाला निकायमा ध्यानाकर्षण गराउनु भएको ।<br>▪ कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा सभामा सैद्धान्तिक छलफल भएको ।<br>▪ कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल पछि संशोधनका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको ।<br>▪ कर्णाली प्रदेशका माननीय श्री मुख्यमन्त्रीका तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सभा समक्ष टेबुल गर्नु भएको । |
| ४ | २०७६/११/१९ | ▪ माननीय सभामुख श्री राजबहादुर शाहीले सभाको पाँचौ अधिवेशनको तेस्रो र चौथो बैठकमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विषयमा उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा प्रदेश सरकारका |

| | | |
|---|---|---|
| | | विभागीय मन्त्रीलाई प्रदेशसभाको आगामी बैठकमा जवाफ दिनका लागि रूलिङ्ग गर्नु भयो ।<br>▪ प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई संशोधधन गर्न बनेको विधेयक सभा समक्ष सैद्धान्तिक छलफल भई संशोधन गर्न चाहानुहने माननीय सदस्यहरूका लागि ७२ घण्टाको समय सिमा जारी भएको । |
| ५ | २०७६/११/२० | ▪ माननीय सदस्यज्यूहरूले प्रदेश सरकार र प्रदेश सरकार मार्फत विविष विषयमा सरोकारवाला निकायहरूको ध्यानाकर्षण गर्नु भएको ।<br>▪ कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले "कर्णाली प्रदेश भित्रका राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ र कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६" सभा समक्ष टेबुल गर्नुभएको । |
| ६ | २०७६/११/२३ | ▪ कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि शैद्धान्तिक छलफल पछि संशोधन गर्न चाहाने माननीय सदस्यका लगि ७२ घण्टाको समय सिमा प्रारम्भ भएको। |
| ७ | २०७६/११/२७ | ▪ कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ र दफावार छलफलका लागि अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएको ।<br>▪ कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि दफावार छलफलका लागि अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने निर्णय भएको । |

*प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रानुसार प्रदेश सभाको पाँचौं अधिवेशन २०७७।०१।०५ गते शुक्रबार रातको १२:०० बजे अन्त्य भएको ।*

**छैठौं अधिवेशन**

| बैठक संख्या | मिति | सभामा भएको कामकारबाही |
|---|---|---|
| १ | २०७७/०२/११ | ▪ माननीय सभामुख श्री राजबहादुर शाहीले छैटौं अधिवेशनको पहिलो बैठक शुरू भएको प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र वाचन गरी सुनाउनु भयो । |

| | | |
|---|---|---|
| | | ▪ दलको तर्फबाट आ-आफ्नो धारणा राखु भयो । |
| २ | २०७७/०२/१२ | ▪ प्रदेश सरकार र प्रदेश सरकार मार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा छलफल गराउनु भयो । |
| ३ | २०७७/०२/१३ | ▪ सभाको १२ र १३ गतेको बैठकमा माननीय सदस्यहरूले व्यक्त गर्नु भएको विचार र भावनामा सभाको गम्भिर ध्यानाकर्षण भएको र संविधान प्रचलित कानून र प्रदेशको क्षेत्राधिकार समेतलाई ख्यालमा राख्दै संघीय सरकारलाई कानून बमोजिम आवश्यक र उचित पहल गराउन सभामुख श्री राजबहादुर शाहीले सरकारलाई रूलिङ्ग गर्नु भयो ।<br>▪ विभिन्न सार्वजनिक विषयमा उठाउनु भएका जिज्ञासालाई मुख्यमन्त्रीले सम्बोधन गर्नु भयो । |
| ४ | २०७७/०२/१४ | ▪ आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले छलफलका लागि सभा समक्ष विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू पेश गर्नुभयो । सभामा उक्त विषयहरुमा छलफल भयो ।<br>▪ छलफलमा उठेका प्रश्न तथा जिज्ञासाहरू माथि आर्थक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले आफ्नो धारणा व्यक्त गर्नुभयो । |
| ५ | २०७७/०२/१६ | ▪ कर्णाली प्रदेश सरकारको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रदेशसभामा पेश भएको । |
| ६ | २०७७/०२/१८ | ▪ प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले आफ्ना भनाईहरू राखु भयो ।<br>▪ माननीय सदस्यहरूले कोभिड-१९ को उच्च जोखिमलाई ध्यानमा राखी प्रदेशसभाको छैटौ अधिवेशन शुरू गर्नुपर्ने सुझाव राखु भएको । |
| ७ | २०७७/०२/१९ | ▪ सार्वजनिक महत्वका विषयमा महत्वपूर्ण छलफल भएको र उक्त छलफलमा उठाउनु भएका जवाफहरूको विषयगत माननीय मन्त्रीज्यूहरू जवाफ दिनुभयो । |

| | | |
|---|---|---|
| ८ | २०७७/०२/२० | ▪ आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रममाथि माननीय सदस्यहरूले उठाउनु भएको जिज्ञासा एवम् सवालमा प्रदेशसभा नियमावली, २०७४ को नियम ३७ को उपनियम २ बमोजिम सरकारको तर्फबाट मुख्यमन्त्रीज्यूले जवाफ दिनु भयो । |
| ९ | २०७७/०२/२२ | ▪ सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाको सन्दर्भमा आफू सम्बद्ध विषयहरूमा सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रीले जवाफ दिनु भयो । |
| १० | २०७७/०२/२८ | ▪ प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव परेको र उक्त प्रस्ताव विधायन तथा प्रदेश मामिला समितिमा छलफलपश्चात् समितिका अध्यक्षले सभामा पेश गर्नुभयो ।<br>▪ प्रदेश खाद्य उत्पादन, अधिकार तथा सम्प्रभता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड "क" बमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरियो ।<br>▪ खाद्य उत्पादन अधिकार तथा सम्प्रभता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ विधेयकको अभिन्न अङ्ग हुने गरी सभाबाट सर्वसम्मतिले पारित भयो । |
| ११ | २०७७/०२/३० | ▪ प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीले प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ र कर्णाली प्रदेशमा व्यापार तथा दर्ता संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ सभा समक्ष टेबुल गर्नुभयो ।<br>▪ कर्णाली प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड "क" बमोजिम |

| | | |
|---|---|---|
| | | प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश भयो ।<br>▪ कर्णाली प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सभाबाट सर्वसम्मतिले पारित भयो । |
| १२ | २०७७/०३/०१ | ▪ नेपालको संविधानको भाग १६ र प्रदेश आर्थिक कार्य प्रणाली अन्तरगत धारा २०७ र प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १०८ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीले प्रस्तुत गर्नुभयो । |
| १३ | २०७७/०३/०१ | ▪ प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १२८ को २ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान बजेटको प्रति कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीले सभासमक्ष पेश गर्नुभयो ।<br>▪ प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ नियम १३९ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ को प्रति सभा समक्ष टेबुल गर्नुभयो । |
| १४ | २०७७/०३/०३ | ▪ कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमान र बजेट माथि छलफलका लागि कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीले वक्तव्य सहितको प्रस्ताव सभा समक्ष राख्नुभयो । |
| १५ | २०७७/०३/०४ | ▪ कर्णाली प्रदेशको आर्थिक वर्ष २०७७/०७८ को राजश्व र व्ययमाथि छलफल निरन्तर चलि रह्यो । |
| १६ | २०७७/०३/०५ | ▪ बजेट माथिको निरन्तर छलफल चलिरह्यो । |
| १७ | २०७७/०३/०६ | ▪ आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभामा उठेका प्रश्न एवम् जिज्ञासाहरूको जवाफ दिनु भयो । |

| | | |
|---|---|---|
| | | ▪ कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ को विभिन्न शिर्षकहरू माथि विचार गरियोस् भन्ने प्रस्ताव कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष पेश गर्नु भयो।<br>▪ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १३२ को उपनियम ६ बमोजिम कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ माथि छलफलको लागि अषाढ १० गते देखि १७ गतेसम्मको कार्यतालिका निर्धारण भयो । अषाढ १० र ११ गते कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ अन्तरगतको आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेशसभा सचिवालय, सामाजिक विकास मन्त्रालय, अषाढ १२ र १३ मा भूमिव्यवस्था, कएषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, अषाढ १४ र १५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश योजना आयोग, अषाढ १६/१७ गते भौतिक पुर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका विभिन्न शिर्षकहरू माथि दफाबार छलफल हुनेछ ।<br>▪ सभामा माननीय श्री जीवनबहादुर शाहीले जरूरी सार्वजनिक सरोकारका विषयहरूका सम्बन्धमा आफ्नो धारणा सभा समक्ष पेश गर्नु भयो ।<br>▪ माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम जिज्ञासाको जवाफ दिन प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई अनुरोध गर्नु भयो । |
| १८ | २०७७/०३/०७ | ▪ सार्वजनिक र निजि क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परि अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल पश्चात निर्णय र प्रतिवेदन समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापाले सभा समक्ष राखुभयो । |

| | | |
|---|---|---|
| | | ▪ प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ को व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार प्रदेश औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूको लागि ७२ घण्टाको समय सिमा प्रारम्भ भयो ।<br>▪ प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई प्रदेश औद्योगिक व्यवस्थाकापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्नु भयो ।<br>▪ प्रदेश औद्योगगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल सभामा प्रस्तुत भयो ।<br>▪ प्रदेश औद्योगिक व्यवसायका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल समाप्त भएको । |
| १९ | २०७७/०३/०८ | ▪ कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि संशोधन प्रस्ताव गरि अर्थ तथा प्राकृतिक स्रोत समितिमा छलफल भए पश्चातका निर्णय र प्रतिवेदन अर्थ तथा प्राकृतिक स्रोत साधन समितिका अध्यक्ष माननीय श्री अम्मरबहादुर थापाले सभा समक्ष प्रस्तुत गर्नुभयो ।<br>▪ प्रदेशसभा नियमावली, २०७४ को नियम १०६ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव पेश गर्नु भयो ।<br>▪ कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा |

| | | |
|---|---|---|
| | | प्रस्तुत गर्नुभएको कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ माथिको सैद्धान्तिक छलफल समाप्त भएको ।<br>▪ कर्णाली प्रदेसभा नियमावली, २०७४ को परिच्छेद १५ को व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ संशोधनको सूचना पेश गर्न चाहनुहुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सिमा प्रारम्भ भएको। |
| २० | २०७७/०३/०८ | ▪ कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सार्वजनिक र निजी क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्नु भयो ।<br>▪ सार्वजनिक र निजि क्षेत्रको साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सर्वसम्मतिले पारित भएको।<br>▪ कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ का सम्बन्धमा कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२० को उपनियम २ को खण्ड क बमोजिम प्रतिवेदन सहित विधेयक माथि छलफल गरिएको ।<br>▪ कर्णाली प्रदेश सरकारका उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि समितिको संशोधन प्रतिवेदन सहित कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १२१ बमोजिम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव गर्नुभयो । |

| | | |
|---|---|---|
| | | ▪ कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन उल्लेख भएका संशोधनको प्रस्ताव विधेयकको अभिन्न अङ्ग हुने गरि समग्र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको। |
| २१ | २०७७/०३/१० | ▪ बैठक अवरूद्ध भएको । |
| २२ | २०७७/०३/११ | ▪ बैठक अवरूद्ध भएको । |
| २३ | २०७७/०३/२० | ▪ आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सभामा टेबुल गर्नुभएको।<br>▪ कार्यतालिका परिवर्तन भएकाले मन्त्रालयगत छलफल भयो । |
| २४ | २०७७/०३/२१ | ▪ आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले प्रदेशसभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयहरूको शिर्षकहरूको माथिको छलफल माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम जिज्ञासाको जवाफ दिनु भयो।<br>▪ सामाजिक विकास मन्त्रालयकोमा उठेको प्रश्न एवम् जिज्ञासामा सामाजिक विकास मन्त्रीले जवाफ दिनु भयो।<br>▪ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका शिर्षकहरू माथिको छलफल प्रारम्भ भयो ।<br>▪ माननीय श्री जीवनबहादुर शाहीले आफ्ना भनाईहरू राख्नु भयो ।<br>▪ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको शिर्षकमाथि माननीय सदस्यहरूले उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको सन्दर्भमा सम्बन्धित विषयका मन्त्रीलाई आगामीको बैठकमा समय निर्धारण गरिएको । |
| २५ | २०७७/०३/२२ | ▪ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका शिर्षकहरूमाथि उठेका प्रश्न एवम् जिज्ञासाहरूको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला |

| | | |
|---|---|---|
| | | के.सी.ले जवाफ दिनु भयो ।<br>▪ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका शिर्षकहरूमाथि उठेका प्रश्न एवम् जिज्ञासाहरूको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले जवाफ दिनु भयो ।<br>▪ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्यन्यायाधिवक्ताको कार्यालयको शिर्षकमाथि छलफल भयो । |
| २६ | २०७७/०३/२३ | ▪ माननीय श्री यामलाल कँडेलले सभामुख मार्फत सभाको ध्यानाकर्षण गराउनु भयो ।<br>▪ भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको शिर्षकहरू माथि छलफल प्रारम्भ भयो । |
| २७ | २०७७/०३/२३ | ▪ कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलका लागि सभा समक्ष प्रस्ताव गर्नुभयो ।<br>▪ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलमा उठाउनु भएका प्रश्न एवम् जिज्ञासाहरूको आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले जवाफ दिनुभयो ।<br>▪ आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले सभामा प्रस्तुत गर्नु भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनलाई संशवधन र एकीकरण गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल समाप्त भएको ।<br>▪ कर्णाली प्रदेशसभा नियमावली, २०७४ को परिच्छेद १६ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम १ अनुसार स्थानीय तहको पदाधिकारी तथा |

| | | |
|---|---|---|
| | | सदस्यहरूले पाउने सुविधा सम्बन्ध कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा संशोधनको सूचना पेश गर्न चाहानु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सिमा प्रारम्भ भएको । |
| २८ | २०७७/०३/२४ | ▪ आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तरगतका बजेट शिर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिनु भयो।<br>▪ मुख्यमन्त्री मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, प्रदेश लोक सेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय र भौतिक पुर्वाधार तथा विकास मन्त्रालय अन्तरगतको शिर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासामा कर्णाली प्रदेशका सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई समय दिनु भयो ।<br>▪ कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश गर्नुभयो ।<br>▪ कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष राखु भएको कर्णाली विनियोजन विधेयक, २०७७ सर्वसम्मतिले पारित भएको घोषणा।<br>▪ आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले आर्थिक विधेयक, २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेपश्चात् सभामा छलफल भएको र सर्वसम्मतिले पारित भएको । |
| २९ | २०७७/०३/२७ | ▪ माननीय श्री गणेशप्रसाद सिंहले सभामा बाढी पहिरोको विषयलाई लिएर सभामुखमार्फत् आफ्नो भनाई राख्दै सरकारलाई ध्यानाकर्षण गराउनु भएको ।<br>▪ कर्णाली प्रदेशमा औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा थप छलफल गर्ने |

| | | |
|---|---|---|
| | | आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनि कर्णाली प्रदेश सरकारका उद्योग पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको । <br>▪ कर्णाली प्रदेशमा व्यापार व्यवसायको दर्ता तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७ मा थप छलफल गर्न आवश्यक भएकाले अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपयुक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाको तर्फबाट सामाजिक विकास मन्त्री माननीय श्री दल रावलले राखु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा ।<br>▪ आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक माथि दफाबार छलफल गरियोस् भनि प्रस्ताव पेश गर्नु भयो ।<br>▪ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धि कानून र एकीकरण गर्न बनेको विधेयकलाई पारित गरियोस् भनि सभामा पेश गर्नु भयो।<br>▪ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानून र एकीकरण गर्न बनेको विधेयक पारित भएको ।<br>▪ सदस्यहरूको समिति हेरफेर सम्बन्धि प्रस्ताव सभाबाट सर्वसम्मतले अनुमोदन भएको घोषणा । |
| *प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रानुसार प्रदेश सभाको छैंठौं अधिवेशन २०७७।०७।०९ गते रातको १२:०० बजे अन्त्य भएको ।* | | |